# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## गणतन्त्र दिवसको शुभकामना सन्देश

गणतन्त्र दिवस, २०८० को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईमा हार्दिक बधाई सहित सुख, शान्ति, समृद्धि र निरन्तर प्रगतिको कामना गर्दछु । यस अवसरमा गणतन्त्र स्थापनामा योगदान पुऱ्याउनुहुने महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन लगायत सबै न्यायपूर्ण आन्दोलनहरुमा साहदत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै गणतन्त्र स्थापनाका लागि शहीदहरूले पुऱ्याएको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनलाई चिरस्थायी बनाउन प्रत्येक वर्ष जेष्ठ १५ लाई गणतन्त्र दिवस मनाउने गरिएको छ । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने सन्दर्भमा राज्य पुनसंरचनाको महत्वपूर्ण आयाम स्थानीय तहको पुनःसंरचना थियो । जनतासँग प्रत्यक्ष जोडिएको सरकार नै स्थानीय सरकार भएकाले हामी गाउँपालिकाबासीको अधिकार र न्याय स्थापित गर्न प्रतिवद्ध छौ । जनताको आधारभूत अधिकारलाई प्रभावकारी कार्यान्वयन गर्दै संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको स्थापना गर्न यस दिवसले हामी सवैलाई थप उत्प्रेणा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु । तीनै तहको सरकार मार्फत हुने विकास निर्माण, अधिकार कार्यान्वयन र न्यायका लागि नागरिकहरु थप जागरुक हुन आवश्यक छ । नागरिकहरुसँगको सहकार्य र अपनत्वले मात्रै सरकारका कामहरु सफल हुने विश्वास लिएको छु ।

धन्यवाद ।

१५ जेठ २०८०

.....................
(मणिराम वुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष